२०८० सालको कार्यविधि नं. ९

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ७ | संख्याः ९ | मितिः२०८०।१२।०२

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका एच.आ.ई.भी. संक्रमित सहयोग सम्बन्धी मापदण्ड,२०७७ को पहिलो संशोधन कार्यविधि, २०८०

**प्रस्तावनाः**

हेटौंडा उपमहानगरपालिकाको एच.आई.भी. संक्रमित सहयोग सम्बन्धी मापदण्ड, २०७७ को संशोधन गर्न वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि संशोधन गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस संशोधनको नाम "हेटौंडा उपमहानगरपालिका एच.आ.ई.भी. संक्रमित सहयोग सम्बन्धी मापदण्ड,२०७७ को पहिलो संशोधन कार्यविधि, २०८०" रहेको छ ।

**२. दफा ५ को उपदफा १ संशोधनः** दफा ४ को उपदफा (१) यस मापदण्ड बमोजिमको सहयोग हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र बसोबास गर्ने एच.आइ.भी. संक्रमित एवं प्रभावितहरुलाई मात्र प्रदान गरिनेछ। १८ वर्ष मुनिका एच.आई.भी. संक्रमित एवं प्रभावित वालवालिकालाई पोषण सहयोगवापत मासिक जनही रु.१,०००।०० र १८ वर्ष माथिका एच.आई.भी. संक्रमित एवं प्रभावित विद्यार्थीहरुलाई शैक्षिक सहयोगवापत मासिक जनही रु.१,०००।०० का दरले रकम उपमहानगरपालिकाले उपलब्ध गराउनेछ ।

**आज्ञाले**
**रामबाबु पुरी**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र